
जि.प्र.का.झापा द.नं.६९। ०५७/०५८
सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता
राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

❑ वर्ष-२१ ❑ अंक - २४५ ❑ २०८३ असोज ०७ गते बुधबार ❑ Wednesday, 23 Sept. 2026 ❑ मूल्य ७ /-



## 'राजनीति'को परिभाषा-विपरीत देशमा के-के तमासा चल्दैछ ?

नकुल काजी

३

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

**गंगा ट्राभल्स एण्ड टुर्स**

**हाम्रा सेवाहरु:**
- राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
- भारतका लागि रेल, बसको टिकट
- बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
- टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा

Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available

ARE YOU GOING TO INDIA?
SPECIAL PRE PURCHASE TO INDIA
INDIGO, SPICE JET, AIR INDIA, AKASA

CASH BACK OFFER
RS. 100 -5000
9842645136

GANGA TRAVEL AND TOURS
EMAIL ID: gangatravel36@gmail.com
WHAT'S UP : 9842645136 / 023-575311
LOCATION : DAMAK 5 JHAPA BELDANGI ROAD

## प्रम बालेन न्युयोर्क प्रस्थान



दमक/ प्रधानमन्त्री बालेन्द्र शाह पहिलो विदेश भ्रमणका रूपमा संयुक्त राष्ट्रसंघको ८१औँ महासभामा सहभागी हुन अमेरिकाको न्युयोर्क प्रस्थान गरेका छन् ।

चार सदस्यीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै कतार एयरवेजमार्फत दोहा हुँदै न्युयोर्कतर्फ लागेका शाहले असोज ८ गते महासभाको उच्चस्तरीय सत्रलाई सम्बोधन गर्ने कार्यक्रम छ ।

भोटेकोशी बाढीबाट भएको जनधनको क्षति र त्यससँग जोडिएको जलवायु संकटलाई उनले अन्तर्राष्ट्रिय मञ्चमा उठाउने तयारी छ । जलवायु परिवर्तनको असर, जलवायु न्याय तथा नेपालले भोगिरहेको जोखिमबारे विश्व समुदायको ध्यानाकर्षण गराउने तयारी गरिएको छ ।

न्युयोर्कमा शाहले संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेससँग भेटवार्ता गर्ने कार्यक्रमसमेत छ । यसअघि नै परराष्ट्रमन्त्री शिशिर खनाल नेतृत्वको नेपाली टोली महासभाका कार्यक्रमका लागि न्युयोर्क पुगिसकेको छ ।

## योगेशले राखे अन्तरिम नेतृत्वको प्रस्ताव

दमक/ नेपा एमालेका उपमहासचिव योगेश भट्टराईले पार्टी पुनर्गठन र नेतृत्व हस्तान्तरण अनिवार्य भएको धारणा व्यक्त गरेका छन् । जारी एमाले केन्द्रीय कमिटीको दोस्रो दिन मंगलबार उपमहासचिव भट्टराई अध्यक्ष केपी शर्मा ओलीलाई लिखित धारण बुझाउँदै यस्तो प्रस्ताव गरेका हुन् ।

'पार्टी पुनर्गठन र नेतृत्व हस्तान्तरण आवश्यक छ', भट्टराईले लिखित रूपमा ओलीलाई दिएको धारणामा भनिएको छ,'कार्यदलको प्रतिवेदनको सुझाव अनुसार पार्टीलाई अघि बढाउन जरूरी छ । त्यसैले आगामी स्थानीय निर्वाचनसम्म अन्तरिम नेतृत्व बनाएर जान सकिन्छ ।' त्यस्तै उनले जनता र एमालेबिचको सम्बन्ध टाढिएको भन्दै पुनजागृत गर्न जनताको भावनाअनुसार पार्टीको नीति र नेतृत्व चाहिने बताएका छन् ।

### संघीय मापदण्ड र अदालतको आदेश लत्याउँदै कोशी सरकार

## कर्मचारीद्वारा आन्दोलनको चेतावनी

पूर्वसन्देश समाचार



**दमक/** कोशी प्रदेश सरकार पुन विवादमा तानिएको छ । संघीय सरकारको राष्ट्रिय मापदण्ड र अदालतको स्पष्ट आदेशलाई बेवास्ता गर्दै कोशी प्रदेश सरकारले पुनः संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) प्रक्रिया अगाडि बढाएपछि विवादित बनेको हो ।

गत वर्ष मात्रै सम्पन्न भइसकेको ओएनएमलाई फेरि थालनी गरी अधिकृत छैटौँ (लेखा) समूहका कर्मचारीहरूको दरबन्दी कटौती गर्न लागिएपछि कर्मचारीहरूले कडा आपत्ति जनाउँदै आन्दोलनको चेतावनी दिएका छन् । यसअघि लोकसेवा आयोगले कानुनी प्रावधान विपरीत गरेको बढुवा निर्णय उच्च अदालतले बदर गरिदिएको अवस्थामा प्रदेश सरकारको यो कदमले प्रशासनिक वृत्तमा नयाँ विवाद निम्त्याएको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी 'संगठन तथा व्यवस्थापन सर्वेक्षणसम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ को दफा १० को उपदफा (८) ले कुनै पनि निकायमा ओएनएम गरिसकेपछि कम्तीमा तीन वर्षसम्म पुनः सर्वेक्षण गर्न नपाइने स्पष्ट कानुनी बन्देज लगाएको छ । तर, प्रदेश सरकारले यस बाध्यात्मक व्यवस्थालाई पूर्णतया बेवास्ता गरेको छ । यसबाट आक्रोशित अधिकृत छैटौँ (लेखा) समूहका कर्मचारीहरूले भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिवसमक्ष ध्यानाकर्षण पत्र बुझाउँदै वृत्ति विकास रोक्ने, पदनाम घटुवा गर्ने र दरबन्दी बाँकी ४ पेजमा ▸▸

## खाँदबारी-सभाखोला सडक दैनिक नौ घण्टा बन्द



**संखुवासभा/** कोशी राजमार्गअन्तर्गत संखुवासभा सदरमुकाम खाँदबारी-तुम्लिङटार सभाखोला सडकखण्ड दैनिक नौ घण्टा यातायात बन्द गरिएको छ ।

सदरमुकाम खाँदबारी-तुम्लिङटार सभाखोला सडकखण्डको करिव १७ किलोमिटर कालोपत्रे सडक मर्मत तथा चौडा गर्न यातायात बन्द गरिएको गरिएको सडक डिभिजन कार्यालय तुम्लिङटारका निमित्त प्रमुख इन्जिनियर मनोजकुमार मण्डलले बताए ।

खाँदबारीबाट सभाखोला सम्मको सडकखण्ड कालोपत्रे तथा चौडा गर्न असोज ६ गते देखि असोज ३० गते सम्म यातायात बन्द गरिएको कार्यालयले जनाएको छ । उक्त सडकखण्डमा बिहान ८:०० बजे देखि १२:०० बजे सम्म र दिउँसो १:०० बजे देखि साँझ ६:०० बजेसम्म कालोपत्रे बाँकी ४ पेजमा ▸▸

## भदौमा झापाभरि २५ विपद्का घटना

**दमक/** झापामा भदौ महिनामा २५ विपद्का घटना हुँदा रू १९ लाख ४५ हजार बराबरको भौतिक क्षति भएको छ ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी रञ्जन अवाका अनुसार विपद्का घटनामा मानवीय क्षति नभए पनि एक जना घाइते भएका छन् । घटनाबाट प्रभावित ६९ जनालाई प्रहरीले सकुशल उद्धार गरेको छ ।

उक्त महिनामा बाढी र पहिरोका घटना नभए पनि जङ्गली जनावरको आक्रमण प्रमुख विपद्का रूपमा देखिएको छ । कूल २५ घटनामध्ये १७ वटा जङ्गली जनावरको आक्रमणका रहेका छन् । जनावरको आक्रमणबाट एक जना घाइते भएका छन् भने ५५ जनाको उद्धार गरिएको छ । यसबाट रू छ लाख ३५ हजार बराबरको भौतिक क्षति भएको प्रहरीको तथ्यांक रहेको छ ।

## भोजपुरमा खोरतविरुद्ध खोप

**भोजपुर /** भोजपुरमा गाईभैंसीमा देखिने खोरेत रोग उन्मूलनका लागि 'खोप अभियान' सञ्चालन हुने भएको छ । खोरेत रोग नियन्त्रण र उन्मूलन गर्ने उद्देश्यका साथ खोप अभियान गर्न लागिएको भेटेरिनरी अस्पताल तथा सेवा विज्ञ केन्द्र भोजपुरले जनाएको छ ।

भेटेरिनरी अस्पताल तथा सेवा विज्ञ केन्द्रका प्रमुख पुष्पराज दाहालले भोजपुरका नौ वटै स्थानीय तहमा यही असोज ८ गतेदेखि आगामी कात्तिक १५ गतेसम्म अभियान सञ्चालन हुने जानकारी दिए ।

खोप सहजकर्तालाई बाँकी ४ पेजमा ▸▸

## वाग्ले कार्यवहाक प्रम



**दमक/** प्रधानमन्त्री वालेन्द्र शाह संयुक्त राष्ट्रसंघको ८१औँ महासभामा सहभागी हुन् अमेरिका प्रस्थान गर्ने भएपछि अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई कार्यवाहक प्रधानमन्त्रीको जिम्मेवारी दिइएको छ ।

प्रधानमन्त्री शाहले आ ँनो अनुपस्थितिमा कार्यवाहक प्रधानमन्त्रीको जिम्मेवारी अर्थमन्त्री वाग्लेलाई दिन राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गरेका थिए । सोही सिफारिसका आधारमा राष्ट्रपति पौडेलले वाग्लेलाई कार्यवाहक प्रधानमन्त्री तोकेका हुन् । प्रधानमन्त्री शाह मंगलबार संयुक्त राष्ट्रसंघको महासभामा सहभागी हुन् अमेरिकाको न्यूयोर्क प्रस्थान गरेका छन् ।

प्रधानमन्त्री शाहले संयुक्त राष्ट्रसंघको महासभामा यही असोज ८ गते सम्बोधन गर्ने कार्यक्रम छ । उनी असोज १० गते स्वदेश फर्किने तालिका छ ।

### प्रश्न गर्नेमाथि कठोर बन्दै ओली

## कृष्णगोपालसँग बाझे, कर्णको दस्तावेज छेके



**दमक/** नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओलीले सोमबारदेखि जारी पार्टीको केन्द्रीय कमिटी बैठकमा पेश गरेको राजनीतिक प्रतिवेदनमार्फत् नेतृत्व छाड्न अस्वीकार गरेका छन् ।

महासचिव शंकर पोखरेलसहितका नेताहरूले निरन्तर दबाब दिंदा पनि उनी झन् कठोर शैलीमा देखिए । बैठकको पहिलो दिनमै ओलीले आ ँना विरोधीको मुख थुन्ने कोसिस गरे। केन्द्रीय सदस्य कृष्णगोपाल श्रेष्ठसँगको भनाभन र अर्का नेता कर्ण थापालाई रोक्ने निर्णयले त्यही कुराको पुष्टि गरेको छ ।

सोमबारदेखि ललितपुरको भनिमण्डलस्थित एक पार्टी प्यालेसमा सुरू भएको केन्द्रीय कमिटीको तेस्रो बैठकमा ओलीले 'पार्टीको पुनर्निर्माण, लोकतन्त्रको रक्षा र राष्ट्रिय स्वाधीनताको नयाँ संकल्प' शीर्षकको राजनीतिक प्रतिवेदन प्रस्तुत गरे । तर उनले उक्त प्रतिवेदनमार्फत् कुनै हालतमा नेतृत्व नछाड्ने दृढ अडान लिए ।

प्रतिवेदनमा ओलीले निर्वाचनमा पार्टीले बेहोरेको पराजयको नैतिक जिम्मेवारी आफूले लिने बताएका छन्। तर त्यसलाई बाँकी ४ पेजमा ▸▸

## बाढीपीडितको पुन:स्थापनाका लागि ३ हजार रोपनी बढी जग्गा पहिचान



**दमक/** भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट गठित केन्द्रीय समितिले अध्ययन गरी पुन:स्थापनाका लागि सम्भावित जग्गा पहिचानसहितको प्रतिवेदन मन्त्रालयमा पेस गरेको छ ।

भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित रसुवा, नुवाकोट र धादिङका अन्यत्र बसोबासको विकल्प नभएका परिवारलाई पुन:स्थापना गर्न २७७ कित्ता जग्गा पहिचान गरी सिफारिस भएको हो ।

समितिका अनुसार पहिचान गरिएका २७७ कित्ता जग्गाको कुल क्षेत्रफल ३ हजार २७९ रोपनी दुई पैसा रहेको छ । जिल्लागत रूपमा रसुवामा १७७ कित्ता, नुवाकोटमा ९४ कित्ता र धादिङमा ६ कित्ता जग्गा पहिचान गरिएको छ । क्षेत्रफलका आधारमा भने नुवाकोटमा सबैभन्दा धेरै २ हजार ६६५ रोपनी ६ आना १ पैसा १ दाम, रसुवामा ५९१ रोपनी ९ आना १ पैसा २ दाम र धादिङमा २२ रोपनी ३ पैसा १ दाम जग्गा पहिचान गरिएको प्रतिवेदनमा उल्लेख छ । बाँकी ४ पेजमा ▸▸

## पाथीभरा जाने सडकको स्तरोन्नती भएन



ताप्लेजुङ/डेढ दशकअघि ट्र्याक निर्माण भएदेखि नै पाथीभरा सडकको दुरवस्था कायम रहँदा सबैभन्दा बढी तीर्थयात्रुलाई सास्ती भएको छ ।

ताप्लेजुङस्थित प्रसिद्ध तीर्थस्थल पाथीभरा जाने सडकको दुरवस्थामा सुधार आएको छैन ।

पाथीभरा क्षेत्रको तल्लोफेदी काफ्लेपाटीसम्म ट्र्याक छिचोलिएको डेढ दशकसम्म पनि सडकको दुरवस्था उस्तै छ । विसं २०६८ सालमा काफ्लेपाटीसम्म ट्र्याक छिचोलिएको र कुनै समय एकै दिन हजारौँ सवारीसाधन गुड्ने गर्थे । सडकको स्तरोन्नतिमा ध्यान नदिंदा असहज भएको छ ।

अहिलेसम्म सडकको अवस्थामा सुधार नहुँदा हरेक वर्ष पाथीभरा दर्शन गर्न आउने लाखौं भक्तजन तथा धार्मिक पर्यटकले ज्यानको जोखिमसँगै हैरानी खेप्दै यात्रा गर्न बाध्य हुनु परेको छ । बर्खा मौसममा हिलो र हिउँदमा धुलोका कारण भक्तजनसहितका यात्रुलाई सास्ती हुने गरेको छ । पाथीभरा सडक अन्तर्गत गुप्ते, देउरालीलगायत बस्तीका बासिन्दालाई समेत हिलो र धुलोले हैरानी भएको छ ।

बर्सैभर भक्तजनको आउजाउ हुने भए पनि दसैँतिहार र चैते दसैं रामनवमी पर्वको समय पाथीभरा दर्शन गर्ने मुख्य मौसम भएकाले अधिक भक्तजन आउने गर्छन् । यस वर्ष पनि पाथीभरा दर्शन गर्ने मुख्य अर्थात् दसैँतिहार नजिकिँदै गर्दा पाथीभरा सडक बेहालकै अवस्थामा छ ।

सुकेटारदेखि काफ्ले पाटीसम्म नै ठाउँ ठाउँमा ठुलठुला खाल्डाखुल्डी रहेको र सामान्य वर्षा हुनेबित्तिकै सडक हिलाम्मे हुने भएकाले यातायात सञ्चालनमा कठिनाइ रहेको छ ।

पाथीभरा दर्शनका लागि आउजाउ गर्ने भक्तजनका कारण अधिक सवारी चाप हुने सडकको स्तरोन्नतिसँगै स्तरवृद्धि (कालोपत्रे) गर्न सुरू भएको बाँकी ४ पेजमा ▸▸

**शान्तिपूर्ण समाज निर्माण गरौं**

- शान्ति, सहिष्णुता र भाइचाराको भावना विकास गरौं,
- मतभेदलाई संवाद, सहकार्य र समभ्कदारीबाट समाधान गरौं,
- जाति, धर्म, भाषा, संस्कृति तथा विचारका आधारमा हुने विभेद अन्त्य गरौं,
- बालबालिका, महिला तथा कमजोर वर्गको अधिकार र सुरक्षाको सम्मान गरौं,
- हिंसा, द्वन्द्व, घृणा र वैमनस्यको अन्त्यका लागि योगदान दिऔं,
- सामाजिक तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सद्भाव कायम राखौं,
- परिवार, विद्यालय र समुदायमा शान्ति र अहिंसाको संस्कार विकास गरौं ।

विश्व शान्ति र मानवताको संरक्षणमा
आफ्नो भूमिका निर्वाह गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## सम्भावित विपत्तिप्रति सचेत रहौं

हामीले बेलाबेलामा विपत्तिको सामना गर्ने गरेका छौं । भर्खरैमात्र भोटेकोशी बाढी र हिमपहिरोको महाविपत्तिमा नेपालीले ठूलो क्षति बेहोर्नु परेको छ । बेला हुने बेला हुने गरेका विपत्ति र यसबारेमा राज्य र सम्बन्धित निकायहरूले गर्ने पूर्वसूचनालाई सामान्य रुपमा लिँदा हामीले बेहोरेको ठूलो क्षतिको पीडा र त्यसका नजिहरु हाम्रो स्मृतिमा अझै ताजै छन् ।

प्रकृतिले समयमै दिएका यस्ता चेतावनीहरुलाई हल्का रुपमा लिँदा हामीले कति ठूलो मानवीय र भौतिक मूल्य चुकाउनुपर्छ भन्ने यस्ता घटनाहरुले कठोर पाठ सिकाएका छन् । यही सन्दर्भमा, मौसम पूर्वानुमान महाशाखाले आगामी बिहीवारदेखि पाँच दिनसम्म वर्षाको गतिविधि अत्यधिक बढ्ने भन्दै पुनः सचेत रहन सार्वजनिक रुपमा विज्ञाप्ति जारी गरेको छ र हामी सबैले गम्भीरतापूर्वक सावधानी अपनाउनुपर्ने बेला आएको छ ।

नेपालमा आगामी बिहीबारदेखि पाँच दिनसम्म वर्षाको गतिविधि बढ्ने सम्भावना प्रवल देखिएको छ । मौसम पूर्वानुमानका विभिन्न आधुनिक मोडलहरुले आगामी ८ असोज बिहीबारदेखि १२ असोज सोमबारसम्म नेपालका धेरै क्षेत्रमा वर्षा हुने र विशेषगरी शुक्रबार र शनिवार भारी वर्षाको सम्भावना रहेको देखाएका छन् । युरोपियन सेन्टर फर मिडियम रेन्ज वेदर फोरकास्ट (इसिएमडब्लुएफ), अमेरिकी ग्लोबल फोरकास्ट सिस्टम (जिएफसी) र जर्मन मौसम सेवाको आइकनसहितका विभिन्न प्रतिष्ठित मौसम पूर्वानुमान मोडलको प्रक्षेपण अनुसार आगामी साता बंगालको खाडीबाट विकसित हुने शक्तिशाली मौसमी प्रणालीको प्रभाव नेपालसम्मै आइपुग्ने देखिएको मौसमविद्हरुले बताएका छन् । यद्यपि, कुन क्षेत्रमा कति मात्रामा वर्षा हुन्छ भन्ने विषयमा भने विषयमा अझै निर्क्योल हुन सकेको छैन । तथापी पनि केही ठूलो घटना नहुन पनि सक्छ, तर, सचेतना भने अवस्य आवश्यक छ ।

त्रिभुवन विश्वविद्यालयको जल तथा मौसम विज्ञान केन्द्रीय विभागका उपप्राध्यापक डा. विनोद पोखरेलले विभिन्न पूर्वानुमान मोडलको गहिरो अध्ययन गर्दा बिहीबारदेखि सोमबारसम्म नेपालमा वर्षाको सम्भावना अत्यन्त बलियो देखिएको स्पष्ट पारेका छन् । जसअनुसार बन्दै गरेको न्यूनचापीय प्रणाली नेपालसम्मै आइपुग्ने प्रक्षेपण रहेकाले यसले भारी वर्षा गराउने सम्भावना प्रवल छ ।

विभागका अनुसार उत्तर अन्डमान सागर तथा आसपासमा विकसित भइरहेको न्यूनचापीय क्षेत्र थप बलियो बन्दै पश्चिम-उत्तरपश्चिमतर्फ सर्ने सम्भावना रहेको छ र यसले नेपालमा वर्षा गराउने भए पनि वर्षाको जोखिमको स्तर र सम्भावित असरबारे अहिले नै पूर्ण रुपमा यकिन गरिहाल्ने अवस्था भने छैन ।

तथापी यो एउटा मौसमसम्बन्धी पूर्वानुमान मात्र हो, जसमा भनिएका घटनाहरु पूर्ण रुपमा घट्न पनि सक्छन् वा नघट्न पनि सक्छन् । प्राकृतिक प्रणाली परिवर्तनशील भएकाले यसलाई पूर्ण निश्चितताका रुपमा लिन सकिँदैन, तर सम्भावित जोखिमलाई मध्यनजर गर्दै सचेत रहनु हामी सबै नागरिकहरुको कर्तव्य हो । साथै, नागरिकहरुलाई समयमै सही सूचनामार्फत सचेत गराउनु र उनीहरुको जीउधनको रक्षा गर्नु राज्यको प्रमुख दायित्व तथा जिम्मेवारी पनि हो । विगतका तीतो अनुभवबाट पाठ सिकेर यतिबेला सबै निकाय र नागरिकहरु एकताबद्ध भई उच्च सतर्कता अपनाउनु जरूरी देखिन्छ ।

# 'राजनीति'को परिभाषा–विपरीत देशमा के–के तमासा चल्दैछ ?



✍ नकुल काजी

**अहिले षडयन्त्रका जरो कहाँसम्म फैलिएको छ ? त्यसको कुन चाहिँ उदाहरण दिने ? कलम पनि रनभुल्लमा पर्छ । अतः यस्तो समयमा खाना पकाउने ग्यासको देशव्यापी कृत्रिम अभाव सिर्जना गराई नागरिकका चूल्हा-चौकासम्मै आफैले असहजता सिर्जना गराएर राज्यलाई असक्षम देखाउने हदैको कुरीकुरी लाग्ने कुटिल हर्कत गर्नेसम्मको अपराधमा पनि उनीहरु प्रस्तुत भएका छन् ।**

राजनीतिलाई 'फोहोरी खेल' भनेर परिभाषित गर्ने चलन पनि पगितै छ ! यद्यपि 'राजनीति'-को सक्कली परिभाषा यो होइन । यस देशको इतिहासलाई अपूर्व द्रवित-थकित र दग्ध-विदग्ध बनाएको यो बेला सत्ताबाहिरका केही राजनीतिक दलहरूले खेलिरहेको 'विरोधको बाँकेट्' जस्ता निर्मम र निर्विवेकी खेल-तमाशा देख्दा 'राजनीति'-लाई साँच्चै 'फोहोर' भनिने गरिनु पनि उत्ति गलत छैन कि भन्ने खिन्नतासाथ अनुभूत हुन्छ । अन्यथा, 'राजनीति'-को परिभाषा त 'नीतिहरूको राजा' भन्ने श्रद्धाका साथ स्थापित भएको वैदिक-पौराणिक कथाहरूदेखि नै अटुट उल्लेख पाइन्छ र आजपर्यन्त यही परिभाषा विश्वमान्य रूपमा प्रतिष्ठापित छ पनि !

अथवा, उपर्युक्त 'सत्य'-को तेजोबध गर्दै 'राजनीति'-लाई 'घृणास्पद स्वार्थको खेल' मात्रमा सीमित गर्ने किसिमबाट हाल यस देशका केही दलमार्गीहरू कम्मर कसेर अभ्यासमै लागेका देखिने गर्दैछन् - देखिइरहेका छन् । तिनका घिनौला खेल-तमाशा हेरेर नेपाली लोक-दुनियाँले 'राजनीति भनेको गतिछाडेर स्वार्थसिद्ध गर्नु रहेछ' भन्ने बुझ्नैपर्ने भएकाले हुनसक्छ आज-भोलि मैदानी नागरिकले समेत सिङ्गै 'राजनीति' -लाई 'फोहोर खेल'-मा खुलेआम दर्ज गर्न थालेका छन् ।

यस कालखण्डको नेपाली इतिहासकै अतुलनीय दुर्भाग्यपूर्ण भोटेकोशीको जलप्रलयकारी घातक प्रकोपले देश घायल भई छटपटाइरहेको अवस्था छ अहिले । यस्तो अवस्थामा पनि अनेक किसिमका अल्मल र खल्बल सिर्जना गरेर राज्यलाई उसको काममा बाधा हाल्न खोजिएका झुटमुटे, बखेडे र गुल्चे-गेजुका राजनीतिक नाचगानहरू भइरहेका छन् ! तिनलाई मात्र हेरेर भन्नुपर्दा 'राजनीति साँच्चै दुत्कार्य फोहोर खेल' नै हो कि भन्ने सचेत वर्गलाई पनि अनुभूत हुन थाल्नु यथार्थको भावभूमिमा हेरिँदा अनौठो नठहर्ला !...

कलिला बाल-बालिका लगायत 'देशका कर्णधार' मानिने युवाहरू समेत ७६ जनाको बलिदानको जगमा उभिएको हाल सरकारलाई शुरुवाती चरणदेखि नै असफल गराउन प्रतिपक्षका केही दल विशेष, निर्विवेक नाङ्गो रूपमा, विविध षडयन्त्र र झमेलाहरूको चक्रव्यूह सिर्जना गर्न सक्रिय हुँदै आएका सबैका आँखा अघित्तिरै छँदैछ । खासगरी उल्लिखित ७६ नेपाली सन्तति हत्याको जिम्मेवार तत्कालीक सरकारी दल र अन्य केही सत्तालिप्से दल सक्रिय भूमिकामा उत्ताउ छन् । त्यसो त, तिनैले 'राजनीति'-को घुम्टो ओढेर देशका विभिन्न घटना सान्दर्भिक यथार्थलाई सरेआम गिजोल्दै र राज्यलाई अल्मल्याउने दुष्कर्म गर्दै आएका घटनावलीको श्रृङ्खला निकै लामा र दुःखदायी त छँदैछन् - अहिलेको जस्तो विकराल प्रकृतिक प्रलयकालमा झन झाङ्गिइरहेको पनि देखिँदो छ !

वर्तमान सरकार लगभग 'दुई-तिहाइ बहुमत'-को बलियो सरकार थियो । विगतदेखि नै भताभुङ्ग हुँदै आएको 'विधिको शासनको अवधारणा'-मा यसले समय-सापेक्ष र जनगणका अपेक्षा अनुकूल सुधारका प्रयत्न थालेको पनि लोक-दुनियाँले देखिरहेका थिए । र, आशान्वित पनि थिए । तर, विगत ३५ वर्षदेखि देशका तीन मुख्य अंगमध्ये दुई अंग (कार्यपालिका र न्यायपालिका) अन्तर्गत विगतमा सरकार चलाइआएका विभिन्न दलका 'सेटिङ'-मा ओहदा वा पद लाभ गरेकाहरूको झन्नै भरिभराउ छ । तिनै संयन्त्रलाई 'स्थायी सरकार' मानिने गरिन्छ । वर्तमान सरकारले पनि तिनैमा भर पर्नुपर्ने बाध्यता नै परम्परा माने झैं किन व्यहोर्नु परिरहेको हो ?- यो कुरो बोधगम्य छैन ! अहिले सरकारलाई बाधा-व्यवधानले घेर्न लित्ती कसेर लागिपरेका दल विशेषले तिनै दुई अंग मातहती संयन्त्रलाई प्रयोग गरिरहेका विश्लेषण बाक्लै हुन थालेको छ । त्यति मात्र होइन, संगीय गणतन्त्रको अभ्यासभन्दा तुरुन्त अघिको चुनावमा दलीय उम्मेदवार बनेर विजयी भएकाहरू प्रदेश र स्थानीय सरकारमा अधिक अधिकांश पदाधिकारी कायम छन् ।

उनीहरू विगतमा शासनाधिकारी रहेका दलहरूका प्रति वफादार हुनु उनीहरूको पनि अतिरिक्त र अत्याज्य बाध्यता नै बनेको होला । यसकारण पनि हालका अशोभनीय र सुधीशून्य विरोधका प्रकरणहरूमा उनीहरू समेत दुरुपयोग भइरहेका छन् । र, तिनै केही दलका अक्कडा नेता-मुखिया र तिनका अन्धभक्त भाटहरू मौजूदा सरकारलाई अनेक बाधा-व्यवधानले घेराउन बढता प्रणोदित देखिएका छन् भनिन्छ ।

बाढी-वितण्डाको दग्धीले देशलाई यति दरदमय घाउ लगाएको लगाएर घाइते बनाएको अवस्थामा मौजूदा राज्य चौतर्फी साधन-सहयोग जुटाएर भरमग्दुर सम्भारमा अहोरात्र अनुरक्त छ । यस्तो अवस्थामा जन-भावना भ्रमित तुल्याउने र राज्य-प्राधिकरणलाई दुरुत्साहित गर्ने घृणित अकर्महरूका बाङ्गाटिङ्गा षडयान्त्रिक बखेडाबाजीले उल्टै हैरान गर्नसम्म पनि ती केही बुद्धि हीन प्रतिपक्षीहरू पछि परेका छैनन् भन्ने त जगजाहेर छ नै । यो कति सुकिलो 'राजनीतिक अभ्यास' हो त ? इतिहासको श्रपित पन्नामा यी यावत कथा यिनका पृष्ठभूमिका साथ, आजका रोदित दिनहरूका, आँशुले अवश्यै लेख्नेछ ।

अहिले षडयन्त्रका जरो कहाँसम्म फैलिएको छ ? त्यसको कुन चाहिँ उदाहरण दिने ? कलम पनि रनभुल्लमा पर्छ ! अतः यस्तो समयमा खाना पकाउने ग्यासको देशव्यापी कृत्रिम अभाव सिर्जना गराई नागरिकका चूल्हा-चौकासम्मै आफैले असहजता सिर्जना गराएर राज्यलाई असक्षम देखाउने हदैको कुरीकुरी लाग्ने कुटिल हर्कत गर्नेसम्मको अपराधमा पनि उनीहरू प्रस्तुत भएका छन् । उदाहरणका लागि राजधानी महानगरको हरिसिद्धिमा ग्यास उद्योगी रहेका नेकपा (एमाले)-को केन्द्रीय सदस्य रामनाथ पौडेल र सोही दलकी अग्रणी महिला नेतृ यशोदा अर्यालको पन्ध्रौं हजारवढी सिलिन्डर (ग्यास भरिभराउ) लुकाएर कालोबजारी गरिरहेका फेला पारिएका छन् र ती दुवैमाथि तीन-तीन लाख रुपैयाँ जरिमाना समेत गरिएको छ । ती घटनाबाट ग्यास-अभावको वास्तविक रहस्य खुलेपछि बुटवल, जनकपुर, भैरहवा, वीरगञ्ज आदि ठाउँ-ठाउँका उपभोक्ता जागरण सम्बन्धी संस्थाको सक्रियतामा ग्यास उद्योगी र बिक्रेताहरू त्यही अभियोगमा धमाधम पक्राउ भई कारवाहीमा परिरहेका छन् भन्ने स्थलगत समाचार छयाप्छयाप्ती आइरहेका छन् । तिनीहरूमा पनि एमाले पृष्ठभूमिकाकै बाहुल्य रहेको समाचारमा बताइँदैछ । अझ आश्चर्य त के देखिन्छ भने - काठमाडौंको घटनाको तुरुन्त अघि मात्र उपर्युक्त पौडेल र अर्यालले नेतृत्व गरेको एउटा घना जुलुसमा ती दुईका समर्थकहरूलाई खाली सिलिन्डर बोकाएर 'बालेन सरकार, ग्यास दे !' मूल नारा लाउने अगुवा पनि उनै दुई देखिएका थिए ।

अर्को 'आफै धामी- आफै बोक्सी' उखान चरितार्थ गर्दै , चार-चार पटक देशको प्रधानमन्त्री भइसकेका उही एमाले पार्टीका अध्यक्ष केपी ओली अहिले ग्यासको कालो बजारे कार्यकर्ताका यस्ता अक्षम्य दोष ढाकछोप गर्दै -'सरकार छापामार शैलीमा चल्न थाल्यो ! जनताले दुःख पाइरहेका छन् ! कालो बजार फस्टाउँदैछ ! ग्यासकै जस्तो हरेक उपभोग्य वस्तुको अभाव र महँगी चुलिँदैछ ! सरकार चाहिँ एमालेलाई बदनाम गरिरहेको छ ! ...हाम्रो पार्टीका मान्छेलाई दुःख दिएर हैरान गर्नेभन्दा यो बेकामे सरकारको अरू केही काम देखिँदै छैन !...' सो पार्टीका अन्य उपल्ला पदासीनहरू पनि यस्तै उल्टो बकवासमा नित्य उत्रिरहेका छन् भन्ने त राजधानीका प्रायः सबै समाचार माध्यमहरूले अटुट प्रचार-प्रसारमा ल्याइरहेकै छन् । अर्थात् , स्वच्छन्द देश दोहनको मौका मार्ने अवसर खोसिएर धताएर-भौँतारिएर विवेकहीन बनिरहेकाहरूका स्थिति बिलोम गतिविधि 'ऊर्जा सकिएर निभ्न लागेको कुपी' झैं भएको छ । अतः यसरी अभ्यासका गलत विधिले 'राजनीति'-को परिभाषा नै अपवित्र र अपमानित गरिँदै लगिएको छ !...

यद्यपि, राज्यको डाडु-पन्युँ सम्हालिरहेको दल र सरकारको सर्वभावेन समर्थन वा पक्षपोषण गर्ने यो टिप्पणीको अभिप्रायः किमार्थ होइन । मौजूदा सत्तादल र त्यसको एकमना सरकारले पनि 'राजनीति' -को सैद्धान्तिक आदर्शलाई निर्दाग राख्नसक्न छोडेको देखिँदो छ । पुराना दलबाट वितृण भएका मात्र नभएर रणनीतिक हैसियत समेत लिएर यस दलमा घुसेका तथा स्वार्थ-समूहका घुसपैठियाहरूका कतिपय क्रियाकलाप माथिको नठीक चालखेलको निगरानीमा यो दल र उसले बनाएको सरकार पनि चुक्तै गइरहेको छ ।

सामाजिक सञ्जालले बोल्ने गरे जति काम उसका अभ्यास क्षेत्रमा नभइरहेका गुनासाहरू बढ्दो अवस्थामा छन् । अब-अब त झन उही सत्तादलका अमरेशकुमार सिंह, आशिका तामाङ, खगेन्द्र सुनार प्रभृति सांसदहरू प्रतिपक्षीका बाटामा हिंड्न पनि थालिसकेका छन् । पूर्व शासक दलहरू र तिनको सरकारका बाँफा भाषण र काममा छलछामबाट विरक्तिएका मतदाता नागरिकले मौजूदा सरकारले आफ्ना सरोकारका विषयमा मनगंगे हात बढाउने किसिमका परिवर्तन चाहेका हुन् । तर, सत्तारुढ भएको छ महिना नबित्तै पुराना-पाका दलमार्गीकै नाक-नक्सा राज्य-सत्तासीनहरूमा पनि देख्न थालेका छन् । पुरानाहरूकै जस्तो दल र सरकारमा गुट-गिरोह यो दलमा पन्पएको देख्न थालेका छन् । यी सबै टिकाटिप्पणी हुनु नै पर्नेछ, जो केही समयको पर्खाइमा छ !...

अर्थात्, 'राजनीति'-को सक्कली परिभाषाको विलोम तमासा वस्तुतः आजको जलप्रलयले विदीर्ण देशमा किन चल्दैछ नै मुख्य चासोमा छ । यसका कथा र कथा-प्रकरीहरू वर्णनासाध्य छन् ! त्यसैले, आजलाई यति नै ! शेष फेरि ।

# राजस्वको दबाबमा निजी क्षेत्र



✍ गोपाल गुरागाई

**सरकारले एउटा कुरा स्पष्ट बुझ्न जरुरी छ । व्यवसायी करको स्रोत होइन, करको आधार निर्माण गर्ने आर्थिक साझेदार हो । पसलमा कारोबार भयो भने कर उठ्छ, उद्योग चले उत्पादन बढ्छ, उद्योग बढे रोजगारी सिर्जना हुन्छ, रोजगारी बढे उपभोग बढ्छ, उपभोग बढे फेरि राजस्व बढ्छ, अर्थतन्त्रको यही चक्र बलियो बनाउनु राज्यको मूल जिम्मेवारी हो ।**

नेपालको अर्थतन्त्र अहिले एउटा गम्भीर विरोधाभासमय छ । सरकारलाई राजस्वको लक्ष्य पूरा गर्नुपर्ने दबाव छ, तर निजी क्षेत्र बजारमा माग सिर्जना गर्न, लगानी बढाउन र कारोबार विस्तार गर्न संघर्ष गरिरहेको छ । राजस्व संकलन अघिल्लो वर्षको तुलनामा बढ्दैमा अर्थतन्त्र स्वस्थ छ भन्ने निष्कर्ष निकाल्न मिल्दैन। महत्वपूर्ण प्रश्न हो–राजस्वको आधार फराकिलो भएको हो कि भएकै करदातामाथि दबाब बढाइएको हो ?

सरकारलाई राजस्व चाहिएको छ, निजी क्षेत्रलाई कारोबार । तर बजार सुस्त पारेर करको आधार फराकिलो हुँदैन । राज्य सञ्चालनका लागि राजस्व अपरिहार्य छ । व्यवसायी र नागरिकले आफ्नो कानुनी दायित्वअनुसार कर तिर्नुपर्छ । तर कर संकलनलाई मात्र आर्थिक उपलब्धिको मुख्य मापदण्ड बनाउने हो भने त्यसको दीर्घकालीन असरबारे पनि सोच्नुपर्छ । उत्पादन घटिरहेको, बजारमा माग कमजोर रहेको, लगानीको जोखिम बढिरहेको र व्यवसाय सञ्चालन लागत निरन्तर बढिरहेको अवस्थामा कर प्रशासनको कडाइ मात्र समाधान हुन सक्दैन ।

आज निजी क्षेत्रको मुख्य समस्या कर तिर्न नचाहनु होइन । समस्या हो–बजारमा ग्राहक घट्नु, कारोबार सुस्त हुनु, लगानीको वातावरण कमजोर हुनु, कर्जाको पहुँच र लागतको दबाव, नीतिगत अस्थिरता तथा प्रशासनिक झन्झट, व्यवसायीलाई हरेक चरणमा शंकाको दृष्टिले हेर्ने, साना प्रक्रियागत त्रुटिलाई समेत दण्डको विषय बनाउने र सहजीकरणभन्दा नियन्त्रणलाई प्राथमिकता दिने प्रवृत्तिले लगानीको आत्मविश्वास कमजोर बनाउन सक्छ ।

सरकारले एउटा कुरा स्पष्ट बुझ्न जरुरी छ । व्यवसायी करको स्रोत होइन, करको आधार निर्माण गर्ने आर्थिक साझेदार हो । पसलमा कारोबार भयो भने कर उठ्छ, उद्योग चले उत्पादन बढ्छ, उद्योग बढे रोजगारी सिर्जना हुन्छ, रोजगारी बढे उपभोग बढ्छ, उपभोग बढे फेरि राजस्व बढ्छ, अर्थतन्त्रको यही चक्र बलियो बनाउनु राज्यको मूल जिम्मेवारी हो ।

अर्को महत्वपूर्ण पक्ष सरकारी खर्च हो । नागरिक र व्यवसायीबाट उठाइएको राजस्व समयमै विकास, पूर्वाधार र उत्पादनमूलक क्षेत्रमा परिचालन हुन सकेन भने बजारमा पैसा कसरी पुग्छ ? सरकार पैसा उठाउने संस्थामात्र होइन, आर्थिक गतिविधि चलायमान बनाउने प्रमुख संयन्त्र पनि हो । पुँजीगत खर्च कमजोर रहने, विकास आयोजना ढिला हुने र सरकारी भुक्तानी रोकिँदा निजी क्षेत्रको नगद प्रवाहमा असर पर्ने अवस्थालाई बेवास्ता गरेर राजस्व लक्ष्य मात्र बढाउनु अर्थतन्त्रको आधा तस्बीर हेर्नु हो ।

अब सरकारको दृष्टिकोण परिवर्तन हुनुपर्छ । कर प्रशासन आवश्यक छ, तर त्यससँगै करदातामैत्री सेवा, स्पष्ट नीति, सहज प्रक्रिया, लगानी सुरक्षा र व्यवसाय विस्तारको वातावरण आवश्यक छ । निजी क्षेत्रलाई नियन्त्रण गर्ने होइन, औपचारिक अर्थतन्त्रमा थप व्यवसाय ल्याउने रणनीति चाहिन्छ ।

सरकारले राजस्व बढाउन चाहन्छ भने बजार बढाओस । उद्योग बढाओस । लगानी बढाओस । रोजगारी बढाओस । कारोबार बढाओस । त्यसपछि राजस्वको आधार आफैं फराकिलो हुन्छ ।

आजको प्रश्न सरकारसँग कति राजस्व उठ्यो भन्ने मात्र होइन । कति नयाँ उद्योग खुले ? कति लगानी थपियो ? कति रोजगारी सिर्जना भयो ? कति कारोबार बढ्यो ? यी प्रश्नको उत्तरले मात्र अर्थतन्त्रको वास्तविक स्वास्थ्य देखाउँछ,

निजी क्षेत्रलाई दबाब दिएर राजस्वको अंक केही समय बढाउन सकिएला तर निजी क्षेत्रलाई विश्वास दिलाएर मात्र राजस्वको आधार दिगो रूपमा विस्तार गर्न सकिन्छ । नेपाललाई अहिले कर उठाउने मात्र सरकार होइन, कर सिर्जना गर्ने अर्थतन्त्र निर्माण गर्ने सरकार चाहिएको छ ।

*(लेखक दमक उद्योग वाणिज्य संघका अध्यक्ष हुन् ।)*




# पर्यटकको रोजाइमा तिम्बुङ पोखरी

**फुङ्लिङ/** ताप्लेजुङको सिदिङ्वा गाउँपालिका–१ कालिखोला र पाँचथरको याङवरक गाउँपालिका–फलैचाको संगमस्थलमा रहेको तिम्बुङ पोखरी पछिल्लो समय पर्यटकको रोजाइमा पर्न थालेको छ । समुद्र सतहदेखि चार हजार तीन सय ५० मिटर उचाइमा रहेको तिम्बुङ पोखरीलाई पूर्वको गोसाइँकुण्डका रुपमा समेत चिनिन्छ ।

पर्यटन व्यवसायी साथै तिम्बुङ पोखरी संरक्षण तथा संवर्द्धन समितिका अध्यक्ष अमिर राईका अनुसार पछिल्ला वर्षमा तिम्बुङ पोखरी पुग्ने पर्यटकको संख्या बढ्दै गएको छ । गत वर्ष मात्रै करिब पाँच हजार पर्यटकले पोखरीको भ्रमण गरेका थिए ।

तिम्बुङ पोखरीमा ताप्लेजुङसहित पाँचथर, तेह्रथुम, धनकुटा, सुनसरी, झापा तथा भारतको सिक्किमबाट समेत पर्यटक पुग्ने गरेका छन् । करिब चार सय मिटर लम्बाइ र दुई सय मिटर चौडाइमा फैलिएको पोखरीको गहिराइ भने हालसम्म यकिन हुन सकेको छैन ।

चैतदेखि मङ्सिरसम्मलाई तिम्बुङ पोखरी भ्रमणको उपयुक्त समय मानिन्छ । विशेषगरी साउनमा विभिन्न प्रजातिका रङ्गीचङ्गी फूल फुल्ने भएकाले त्यस समयमा पर्यटकको चाप बढ्ने गरेको राईले बताए । पर्यटकको सहजताका लागि तिम्बुङ पोखरी संरक्षण तथा व्यवस्थापन समितिले बाटोमा विश्रामस्थल निर्माण गर्न थालेको छ ।

तिम्बुङमा पर्यटकको संख्या बढाउन कालिखोलादेखि पोखरी क्षेत्रसम्म सडक पहुँच विस्तार तथा बाटोमा होटल र अन्य पूर्वाधार निर्माण गर्न आवश्यक रहेको पर्यटन व्यवसायी राईले बताए । केन्जो, माइकोपिला, सुनाखरीलगायतका फूल तथा यार्सागुम्बा, पाँचऔंले, पदमचाल, बिखमा, कुड्की, पाखनवेद, बुढोओखती र चिराइतो जस्ता जडीबुटीसमेत यस क्षेत्रमा पाइने कालिखोलाका धनबहादुर लिम्बूले जानकारी दिए ।

## खानपान र जीवनशैली



# स्वास्थ्यका लागि कति उपयोगी छ चटेला ?

**दमक/** हरेक मौसमका आफ्नै विशेष तरकारी हुन्छन् । वर्षायाममा पनि स्वास्थ्यका लागि निकै उपयोगी मानिने विभिन्न तरकारी पाइन्छन् । यस्तै विशेष र गुणकारी तरकारीमध्ये एक हो चट्टेल (चटेला) । वर्षायाममा फल्ने यो काँडेदार तरकारी हेर्दा सानो देखिए पनि यसका फाइदा भने निकै धेरै छन् ।

तपाईं वा तपाईंको परिवारमा कोही मधुमेहका बिरामी हुनुहुन्छ भने यो जानकारी उपयोगी हुन सक्छ । मधुमेहका बिरामीका लागि किन विशेष छ चट्टेल ?


आजभोलि मधुमेह समस्या निकै सामान्य भइसकेको छ । यसलाई नियन्त्रणमा राख्नु चुनौतीपूर्ण हुन सक्छ । यस्तो अवस्थामा चट्टेल ब्लड सुगरको स्तर नियन्त्रणमा राख्न सहयोगी हुन सक्छ । यसमा मधुमेहविरुद्ध गुण पाइने बताइन्छ । यसमा रहेका प्राकृतिक तत्त्वले शरीरमा इन्सुलिन उत्पादनको प्रक्रियालाई राम्रो बनाउन सहयोग गर्ने र रगतमा सुगरको स्तर अचानक बढ्न नदिने बताइएको छ । चट्टेलमा फाइटोन्युट्रिएन्ट्स र पोलिपेप्टाइड-पी जस्ता तत्त्व पाइन्छन्, जसलाई प्राकृतिक इन्सुलिनका रूपमा पनि उल्लेख गरिन्छ। यसको स्वाद पनि हल्का र स्वादिलो हुन्छ ।

**तौल घटाउन र पेटका लागि पनि फाइदाजनक**

चट्टेल मधुमेहका लागि मात्र नभई समग्र स्वास्थ्यका लागि पनि उपयोगी मानिन्छ । वर्षायाममा मानिसलाई अपच वा ग्यासजस्ता पेटसम्बन्धी समस्या हुने गर्छ । चट्टेलमा पर्याप्त फाइबर पाइने भएकाले यसले पाचन प्रणालीलाई बलियो बनाउन र पेट सफा राख्न सहयोग गर्छ । यसबाहेक, वर्षायाममा आफ्नो तौल नियन्त्रणमा राख्न चाहनुहुन्छ भने पनि यो तरकारी उपयोगी हुन सक्छ । यसमा क्यालोरी निकै कम हुन्छ र बोसो हुँदैन । यसले लामो समयसम्म पेट भरिएको महसुस गराउन सक्छ र पटक-पटक खाने इच्छा कम गर्न सहयोग गर्न सक्छ ।

**कसरी खाने ?**

चट्टेललाई तरकारीको रूपमा खान सकिन्छ । यसको तरकारी बनाउन निकै सजिलो पनि छ । यसलाई आलुसँग वा प्याज र हल्का मसला प्रयोग गरेर थोरै तेलमा भुटेर सुक्खा तरकारीका रूपमा खान सकिन्छ । यसलाई पकाउँदा धेरै मसला पनि प्रयोग हाल्नु पर्दैन । यो खोज तथा सामान्य जानकारीकालागि तयार पारिएको हो, मधुमेहका बिरामी वा कुनै प्रकारको औषधि सेवन गरिरहेका व्यक्तिले आफ्नो खानामा कुनै पनि परिवर्तन गर्नुअघि चिकित्सकसँग सल्लाह लिनु वेश हुन्छ ।




# मानसिक रोग र होमियोप्याथिक उपचार

डा. लेखनाथ नेउपाने

जीवहरु मध्ये बुद्धि, विवेक अनि ज्ञान भएको मानिसमा हरेक कुराको अनुभव गर्नसक्ने क्षमता प्रकृतिले दिएको हुन्छ । र, त्यसको संचालन, नियमन र पालना गर्ने मस्तिष्क अर्थात दिमाग हो । हो, हाम्रो शरीरको महत्वपूर्ण र संवेदनशील अङ्ग दिमाग अथवा मस्तिष्कले नै हाम्रो शरीरलाई चलाएको हुन्छ । राम्रो नराम्रो, असल खराव, बोली बचन, माया, ममता, इच्छा, विचार, मन, बुद्धि, विवेक अनि निडरता जस्ता अनेकन विषयको केन्द्र हो मस्तिष्क । यदि मस्तिष्क आफै कुनै समस्या या रोगले ग्रसित हुनथाल्यो र पहिलाको जस्तो सामान्य मानिसले गर्ने व्यवहार गर्न नसकेको अवस्था देखियो या महशुष भयो भने मानसिक रोगीको रुपमा व्याख्या गरिएको छ। अथवा बोली, चेतना, भावना, विचार, स्मृति, स्मरणशक्ति आदि जस्ता मानव मस्तिष्कले गर्ने कार्यमा गडबडी हुनुलाई मानसिक रोग भनिन्छ ।

मानसिक रोगहरु धेरै प्रकारका हुन्छन् । हरेक खाले रोगका फरक फरक लक्षणहरु हुन्छन् । यो रोग लागेपछि व्याक्तिको स्वभाव, बानी र ब्यवहारमा परिवर्तन देखापर्न थाल्छ । उसले पहिले कहिल्यै नगरेका अनौठा कृयाक्लाप देखाउन थाल्छ । हामीले मान्दै आएका परम्परा, रीतिरिवाजसँग उसका नयाँ व्यवहार मेल खादैनन् । समाजका अरु मानिससँग राम्रो सम्बन्ध राख्न रोगीले सक्तैन । नयाँ केहि काम र सहयोग हुन छाड्छ। उसले आफैलाई मलाई के भइरहेको छ भनेर पनि निक्यौंल गर्न सक्तैन । यस्ता अनेकन लक्षणहरुलाई आधुनिक चिकित्सा विज्ञानले केन्द्रिय स्नायु प्रणालीको खराबीबाट हुने मानसिक रोग भन्ने गरेको छ । यस्ता रोगीको संख्या संसारभरमा १५ प्रतिशत रहेको आकडा छ । मानिस स्वस्थ रहन, मानविय कार्यमा लागिरहन सर्वप्रथम मानसिक रुपमा त्यसपछि शारीरिक रुपमा आनि सामाजिक रुपमा पनि स्वस्थ र प्रसंसनिय हुनुपर्दछ ।

विभिन्न प्रकारका मानसिक रोगका भिन्ना भिन्नै लक्षणहरु भए पनि केहि साझा लक्षणहरु हुछन् । शारीरिक विरामीहरुमा जस्तै मानसिक विरामीहरुमा पाइने साझा लक्षणहरुमा काम गर्न मन नलाग्ने, सुतिरहन रुचाउने, कोही धेरै र ठूलो स्वरमा बोल्ने त कोही कम बोल्ने, चाडो रिसाउने, खुसी हुन नसक्ने, खान खान, घुम्न जान नरुचाउने, साथीभाईसँग टाढा रहने, नुहाउन, सफासुगर रहन मन नपरनउने, बोल्दा आँखामा आँखा जुधाएर बोल्न नसक्नु, हात काम्नु, अनावश्यक डराउन थाल्नु, निद्रा नलाग्नु, झोक्राएर वस्नु, एक्कासी डराउनु या बेहोस हुनु, विधार्थी भए पढाई कमजोर हुँदै जानु, कर्मचारी भए एकाग्रता र काममा लगाव अनि डिलिङ पावरमा कमी आउनु, सधै मान्दै आएका या परम्परा भन्दा फरक कुरा गर्नु जस्ता केहि लक्षण मानसिक रोगका हुनसक्छन् । क्रमशः

यसरी नै केहि मानसिक रोगका लक्षणहरु भने प्रष्टसँग देख्न पाइन्छ । जस्तै विरामीले दैनिक गर्दै आएका काम गर्न छाड्नु या गरे पनि पुरा नर्गनु । काम उल्टो सुल्टो गर्नु, झर्किनु या चाडै रिसाउनु । अरुले भनेको नमान्नु या एकोहोरो बोलीरहनु । आफन्तले सम्झउदा य भन्दा पनि नपत्याउनु । आफ्नै भनाई र कुरालाई मात्र सही मान्न थाल्नु, एक्लै बसेर बोलीरहनु या गाली गलौज गर्नु, अरुमाथि अनावश्यक शंका गर्नु या दोष देखाउनु, विभिन्न कुराहरुको भ्रममा पर्नु, हेर्दा ठक्कै लागे पनि भित्र भने शंका अनावश्यक व्यवहार अनि मान्यता राख्नु जस्ता लक्षणहरु प्राय कडाखाले मानसिक रोग (साइकोसिस)का लक्षणहरु हुन् । यस्ता रोगीले आफुलाई मानसिक रोग लागेको छ भन्ने थाहा पाउँदैन, कसैले भन्यो भने पनि विश्वास गर्दैन् । अरुले थाहा पाएर जचाउँन लैजादा पनि विश्वास गर्दैन । औषधी खान पनि मान्दैन । यो भनेको निक्कै जटिल अवस्था हो ।

सामान्य प्रकारको मानसिक रोग भएका मानिसमा यस्ता लक्षण देखिन्छन् । चाडै गल्ने, काम गर्न मन नगर्ने । निद्रा कम लाग्ने या नलाग्ने । धेरै नबोल्ने, नयाँ कुरामा या पुरानै कुरामा पनि रुचि नराख्ने, खाना नरुच्ने । मनमा एउटै कुरा खेल्ने, भ्रम जस्तै कतैबाट अनौठो आवाज आएको महशुस हुने् । कसैले बोलाएको या अनावश्यक डर आदि लक्षण लामो समय रहेमा र बेलैमा उपचार नभएमा विरामी विस्तारै डिप्रेसनतिर जान्छ। यस्तो अवस्थामा सबैभन्दा धेरै डर विरामीले आत्महत्या गर्ने हुनसक्छ । यस्तो प्रकारको मानसिक रोगमा घर परिवारका सदस्य, आफन्त र छरछिमेकी अनि साथीभाइको ठूलो भूमिका रहनुपर्छ । बेलैमा सहि उपचार पाएमा रोग निको हुन्छ । आजकल समाजमा यस्ता रोगी धेरै देखिएका र आत्महत्या गर्नेहरुको संख्या बढीरहेको छ। यसरी डिप्रेसनमा परेर आत्महत्या गर्नेहरु कित युवा युवती, कित पौढ वढी हुने गर्छन् । एक पटक आफ्नो पढाई, व्यापार व्यवसायमा या प्रेममा असफलता मिल्ने वित्तिकै मानिस एकोहोरिन थाल्छ । बोलचालमा कमी आउन थाल्छ । अर्को पेशा अपनाउन चाहेन भने, नकारात्मक सोच धेरै आउँन थाल्यो भने बेलैमा ध्यान दिनुपर्छ। यो बेला असल व्यवहार, सही उपचार र काउन्सिलिङको आवश्यकत हुन्छ । यसमा विरामी स्यमले आफुलाई काबुमा राख्न सक्तैन । यस्तो अवस्थामा परिवारका सदस्य र मानसिक चिकित्सकको आवश्यकता पर्दछ । औषधी सुरु गरिसकेपछि पनि विरामीको झनै निगरानी र साथ चाहिन्छ । औषधीले काम गर्न केहि समय लाग्ने या धेरै निद्रा लाग्ने हुँदा रोगी, निदाइरहने, झनै डराउने र आत्महत्या गर्न पनि सक्ने हुन्छ। त्यसैले पनि अरु केही समय साथ, सहयोग, हौषला अनि माया ममताको आवश्यकता पर्दछ। डिप्रेसनबाट बच्न अस्वस्थ जीवनशैली र मानसिक तनाव कम गर्न लाग्नुपर्छ । उसले यसो गर्‍यो मेरो भएन भन्दा पनि म सक्छु भन्नेतर्फ ध्यान लगाउनुपर्छ। समयमा सुत्ने, उठने, खाने जस्ता कुरामा ठूलो महत्व हुन्छ। काममा हुने तनावलाई सामान्य रुपमा लिनुपर्छ। लगातार काम भए बीचमा फ्रेस हुने, घुम्न जाने गर्नुपर्छ। बजारे खाना, मधपान र अस्वस्थ्कर खानापानीबाट बच्नपर्छ। जिवनशैली सक्रिय र सामाजिक बनाउनु पर्छ । पछिल्लो अध्यायन अनुसार साइलोसाइबिन नामक तत्वले डिप्रसन हुनबाट धेरै मात्रामा रोक्छ र भएकालाई पनि फाइदा गर्छ। यो तत्व केही मात्रामा च्याउमा पाइन्छ। सबै होइन केही प्रजातिका च्याउमा मात्र यो तत्व पाइन्छ। त्यसैले च्याउ खानु स्वास्थवर्धक मात्र नभएर डिप्रसनसँग लड्न पनि सघाउँछ। यसरी नै ओखर, हाडे बदाम आदि फल हो जसले डिप्रेसन हुनबाट बचाउँछ भने पौष्टिक तत्वले पूर्ण पनि हुन्छन् । क्रमशः...

## मनोरञ्जन

# कबड्डी–५ को टिजर सार्वजनिक



**दमक/** रामबाबु गुरुङको लेखन तथा निर्देशनमा रहेको फिल्म 'कबड्डी ५: आफ्टर द फाइनल म्याच'को टिजर सार्वजनिक भएको छ । सार्वजनिक टिजरमा फिल्मका मुख्य कलाकार बिके (विजय बराल)को एआईसँगको कनेक्सनलाई रोचक ढंगले प्रस्तुत गरिएको छ । यस्तै, काजी (दयाहाङ राई) र मैयाको इन्ट्री पनि आकर्षक शैलीमा देखाइएको छ । फिल्ममा मैयाको भूमिकामा सिर्जना गुरुङले अभिनय गरेकी छन् ।

त्यसपछि अभिनेता विपिन कार्कीको इन्ट्रीले टिजरलाई थप रोचक बनाएको छ । उनको संवाद बोल्ने शैलीले दर्शकको ध्यान खिचने देखिन्छ । अन्तिममा रिश्मा गुरुङको इन्ट्रीसँगै टिजर टुंगिएको छ । टिजर हेर्दा चौथो शृङ्खलामा जहाँ सकिएको थियो फिल्ममा त्यहीबाट नयाँ कथाको सुरुवात गरिएजस्तो देखिन्छ । निर्देशक गुरुङले फिल्मको मामा अघिल्लो शृङ्खलाकै कथालाई निरन्तरता दिइएको बताए ।

बडा दसैंको पर्सिपल्ट अर्थात् कात्तिक ६ गतेबाट प्रदर्शनमा आउने फिल्ममा दयाहाङ राई, विजय बराल, बुद्धि तामाङ, विपिन कार्की, रिश्मा गुरुङ र सिर्जना गुरुङ, पुष्कर गुरुङ, कविता आले, अरुणा कार्की, शिशिर बाङ्देल, माओत्से गुरुङ, कमलमणि नेपाल, विष्णु मोक्तान, प्रमिला राई, सुरज यादव, रमेश बज्राचार्य, हरि मिजार, पञ्च सुब्बा गुरुङ, घनु जोशी, सुमित्रा पहिम, अनुप न्यौपाने, मधु मिजार, हेमन्त बुधाथोकी, सरोज अर्याल र शेखर चापागाईंको अभिनय छ । बासुरी फिल्म्सको प्रस्तुतिमा बनेको सिनेमामा निर्देशक गुरुङसहित मणिराम पोखरेल, मधु मिजार र विशाल गुरुङ (एलजी)ले लगानी गरेका छन् । सागर राज कार्यकारी निर्माता रहेको सिनेमामा कालीप्रसाद बास्कोटा, अधा सुर र झुमा लिम्बूको संगीत, सञ्जय लामाको छायांकन, सुरेन्द्र पौडेलको सम्पादन छ ।




## प्रेरक भनाइहरु

- विश्वास त्यो शक्ति हो, जसले उजाडिएको दुनियमा प्रकाश ल्याउन सक्छ । *–हेलेन केलर*
- सन्तुलित मन बराबर कुनै तपस्य छैन । सन्तोष बराबर कुनै खुसी छैन । लोभ बराबार कुनै बिराम छैन । दया बराबर कुनै सदाचार छैन । *–चाणक्य*
- अस्वस्थ्यकर जीवन जीवन होइन, बस पीडाको एक स्थिति हो । *–गौतम बुद्ध*
- आफ्नो सपनालाई साकार बनाउने सर्वश्रेष्ठ तरिका हो, तिमी जाग । *–पल वैलेर*
- बुद्धिमान व्यक्तिले अर्कोको गल्तीबाट पनि पाठ सिक्छन् । *–पी सायरस*
- बिना उत्साह कुनैपनि महान काम संभव छैन । *–राल्फ वान्डो एमर्सन*
- त्यही व्यक्तिलाई आलोचना गर्ने अधिकार हुन्छ, जो सहयोग गर्ने भावना राख्छ । *–अब्राहम लिंकन*
- अज्ञानता र विचारहिनता दुबै मानवता विनासको दुई ठूलो कारण हुन् । *–जन टिलोटसन*
- पुरा जीवन एक अनुभव हो । तिमी जति प्रयोग गर्छौं उत्तिनै यसलाई उत्कृष्ट बनाउन सक्छौं । *–आल्फ वाल्डो एमर्सन*
- एक बुद्धिमान व्यक्तिको प्रश्नमा आधा उत्तर लुकेको हुन्छ । *–सोलोमन इब्र गेबिरोल*
- राम्रो निर्णय अनुभवबाट प्राप्त हुन्छ । तर दुर्भाव्यवश अनुभवको जन्म गलत निर्णयबाट हुन्छ । *–रीटा माए ब्राउन*

## दैनिक राशिफल

आज मिति
२०८३ साल
असोज ०७ गते
बुधबार
24 Sept. 2026
तिथि: द्वादशी



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | भाग्यको उदय । धन लाभ । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | यात्रामा दु:ख । खर्चमा वृद्धि । |
| मिथुन | का कि कु घ ङ छ के को हा | कार्यसिद्धि । पढाइमा रुचि । |
| कर्कट | चु चे लो ला लि लँ ले लो अ | रोजगारीको अवसर । बोलीले काम बन्ने । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | आफन्तको सहयोग । धन लाभ । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | अनावश्यक खर्च । शत्रुको भय । |
| तुला | हि हु हे हो डा डि डु डे डो | आकस्मिक धनलाभ । आफन्तबाट सहयोग । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | उपहार प्राप्ति । रोजगारीको अवसर । |
| धनु | य यो भा भी भ धा फा ढ भे | कार्य सिद्धि । मान्यजनको सहयोग । |
| मकर | भो जा जी खि खू खे खो गा गी | मनमा खिन्नता । स्वास्थ्यमा समस्या । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | धार्मिक कार्यमा रुचि । व्यापारबाट लाभ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | आर्थिक प्रगति । मित्रबाट सहयोग । |

अन्तर्राष्ट्रिय

# सवारी दुर्घटनाको संख्या बर्सेनी वृद्धि

**दमक/** झापामा सवारी दुर्घटनाको वार्षिक तथ्यांक बढ्दो रहेको पाइएको छ । गत साउनको तुलनामा भदौ महिनामा सवारी दुर्घटनाको संख्या दोब्बरले वृद्धि भएको छ । जिल्ला प्रहरी कार्यालय झापाका अनुसार साउनमा ३९ वटा सवारी दुर्घटना भएकामा भदौमा बढेर ८८ पुगेको हो । दुर्घटनामा परी साउनमा १२ जनाको मृत्यु भएकामा भदौमा चार जनाले ज्यान गुमाएका छन् ।

साउनमा ४० जना घाइते भएकामा भदौमा उक्त संख्या १३५ पुगेको जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक रञ्जन अवाले जानकारी दिए । प्रहरीको तथ्यांकअनुसार दुवै महिनामा दुर्घटनाको मुख्य कारण चालकको लापरबाही देखिएको छ ।

साउनमा भएका ३९ दुर्घटनामध्ये ३० र भदौमा भएका ८८ मध्ये ७८ दुर्घटना चालकको लापरबाहीका कारण भएका थिए ।

यात्रुको हेलचेक्र्याइँ, सडकको अवस्था, सवारीसाधन र चौपायाका कारण पनि दुर्घटना भएका थिए। दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरीले भदौमा ९५६ सवारी जाँच गर्दा दुई हजार २३२ सवारीसाधन कारबाहीमा परेकामा त्यसबाट रू २३ लाख सात हजार राजस्व संकलन भएको प्रहरीले जनाएको छ ।

# गाउँपालिकाबाटै पान नम्बर वितरण सुरू

**धनकुटा/** धनकुटाको साँगुरीगढी गाउँपालिकाले व्यक्तिगत तथा नयाँ व्यवसायका लागि आवश्यक पर्ने स्थायी लेखा नम्बर (पान) दर्ता तथा वितरण सेवा सुरू गरेको छ । स्थानीय नागरिक तथा व्यवसायीहरूलाई पालिकाबाटै कर सम्बन्धी सेवा दिने उदेश्यले स्थानीयस्तरमै सेवा सुरू गरेको हो ।

कर सम्बन्धी सेवा लिन जिल्ला सदरमुकाम धनकुटा धाउनुपर्ने बाध्यताको अन्त्य गर्र्न सेवा सुरू गरिएको साँगुरीगढी गाउँपालिका अध्यक्ष जितेन्द्र रूम्दाली राईले जानकारी दिए ।

साँगुरीगढी(६, स्थित बेल्बोटेका सुब्बा ग्यारेजका सञ्चालक विवेक ईवाहाङले पहिलो पान दर्ता गरी पालिका अध्यक्षले हस्तान्तरण गरेका थिए । यसअघि पान दर्ताका लागि सेवाग्राहीले धनकुटा सदरमुकामस्थित सम्बन्धित कार्यालय पुग्नुपर्ने अवस्था थियो ।

ग्रामीण तथा भौगोलिक रूपमा विकट क्षेत्रका नागरिकलाई सामान्य करसम्बन्धी सेवा लिनसमेत समय र अतिरिक्त खर्च गर्नुपर्ने बाध्यता रहेको छ । पान लिनका लागि सदरमुकाम जाँदा वडाको सिफारिस लगायत आवश्यक कागजात तयार पार्दा कम्तीमा तीन दिन समय छुट्याउनुपर्ने हुन्थ्यो ।

तर पालिकाबाटै सेवा उपलब्ध भएपछि भने एकै दिनमा प्रक्रिया पूरा गर्न सकिने छ । पालिकाबाटै शून्य लागतमा पान दर्ता हुन थालेपछि सदरमुकाम जाँदा लाग्ने समय, यातायात खर्च र अन्य झन्झट बचत हुने राईले बताए ।

स्थानीयस्तरमै पान सेवा उपलब्ध भएपछि नयाँ व्यवसाय सुरू गर्न चाहने युवा, उद्यमी, स्वरोजगार व्यक्ति, साना व्यवसायी तथा व्यक्तिगत रूपमा पान आवश्यक पर्ने नागरिकलाई सहज हुने अपेक्षा गरिएको गाउँपालिका अध्यक्ष राईले बताए ।

साँगुरीगढीमा पर्ने भेडेटार प्रमुख पर्यटकीय क्षेत्रसमेत रहेकाले यहाँ पर्यटन, होटल तथा रेस्टुरेन्ट, यातायात, निर्माण, खुद्रा व्यापार र कृषि क्षेत्रमा साना तथा मझौला व्यवसाय सञ्चालन हुँदै आएका छन् । स्थानीय तहबाटै पान सेवा उपलब्ध भएपछि व्यवसाय दर्ता तथा सञ्चालनका प्रशासनिक प्रक्रिया सहज हुनेछ ।

# चिनमा नयाँ हतियार प्रणाली परीक्षण

एजेन्सी/ उत्तर कोरियाली नेता किम जोङ उनले नयाँ प्रकारको हतियार प्रणालीको परीक्षण निरीक्षण गर्दै उक्त प्रणालीलाई देशको उन्नत सैन्य प्रविधिको प्रमाणका रूपमा प्रशंसा गरेका छन् । दक्षिण कोरिया र जापानले प्योङयाङबाट दुईवटा छोटो दूरीका ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार भएको जनाएको दुई दिनपछि उत्तर कोरियाले नयाँ हतियार परीक्षणसम्बन्धी विवरण सार्वजनिक गरेको हो ।

उत्तर कोरियाको सरकारी सञ्चारमाध्यम केसीएनएका अनुसार मिसाइल ब्युरोले आइतबार किमको उपस्थितिमा नयाँ हतियार प्रणालीको सफल परीक्षण गरेको थियो । यद्यपि परीक्षण गरिएको हतियारको प्रकार भने प्योङयाङले खुलाएको छैन । किमले परीक्षणलाई 'अत्याधुनिक रक्षा प्रविधिको उल्लेखनीय प्रदर्शन' भन्दै यस प्रकारको प्रविधिले विरोधीका लागि गम्भीर चुनौती सिर्जना गर्ने बताएको केसीएनएले जनाएको छ ।

नयाँ सैन्य प्रविधि हासिल गर्नु देशको युद्ध तयारी तथा सशस्त्र सेनाको भावी विकासका लागि महत्वपूर्ण रहेको किमको भनाइ थियो । यसअघि उत्तर कोरियाले पूर्वी सागरतर्फ छोटो दूरीका ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गर्दै त्यसलाई संयुक्त फायरपावर अभ्यासका रूपमा प्रस्तुत गरेको थियो ।

# चुम्लुङ स्थापना दिवसमा अग्रजहरु सम्मानित



झापा । आदिवासी याक्थुङ/लिम्बू जातिको प्रतिनिधिमूलक संस्था किरात याक्थुङ चुम्लुङ झापा जिल्ला शाखाले विभिन्न क्षेत्रमा योगदान पुर्याउने व्यक्तिहरूलाई सम्मान गरेको छ ।

चुम्लुङको ३८ औं स्थापना दिवसका अवसरमा विभिन्न क्षेत्रका प्रतिभाहरूलाई सम्मान तथा पुरस्कार प्रदान गरिएको हो ।

विर्तामोडस्थित चुम्लुङ् झापा शाखाको कार्यालयको सभाहलमा सम्पन्न कार्यक्रममा कियाचु इजरायल कल्याणकारी कोष, कियाचु याक्थुङ् सहयोग कोष र कियाचु स्व. देवीबहादुर आङबुहाङ् स्मृति अक्षयकोषबाट वितरण गरिदैआएको छात्रवृत्ति वितरण गरिएको जिल्ला अध्यक्ष शेसेहाङ फियाकले बताए । उनका अनुसार कियाचु इजरायल कल्याणकारी कोषबाट वितरण गरिने छात्रबृति झापा मेचीनगर–५ स्थित श्री बालकल्याण माध्यमिक विद्यालयमा अध्ययनरत कक्षा ९ की छात्रा स्नेहा लिम्बूलाई प्रदान गरिएको थियो । छात्रबृतिको राशी १० हजार रहेको छ ।

त्यसैगरि कियाचु स्व. देवीबहादुर आङ्बुहाङ् स्मृति अक्षयकोषबाट यसवर्ष बुद्धशान्ति–४ स्थित गणेश माध्यमिक विद्यालयमा अध्ययनरत कक्षा ११ का छात्र भोगेन्द्र लिम्बूलाई रू १० हजारको छात्रवृति रकम प्रदान गरियो । त्यसैगरी झापा कचनकवल गाउँ पालिका वडा न.७ स्थित श्री जनता माध्यमिक विद्यालयमा कक्षा ९ मा अध्ययनरत छात्रा ताःन्छोहाङ्मा योङ्हाङ् लिम्बू र विर्तामोड–२ स्थित पञ्चरत्न माध्यमिक विद्यालयमा अध्ययनरत कक्षा १० का छात्र सन्देश लिम्बूलाई कियाचु याक्थुङ् सहयोग कोषबाट जनही रू. ५ हजारका दरले छात्रवृत्ति प्रदान गरिएको थियो ।

कार्यक्रममा धर्मराज लक्सम्बा र संघीय सल्लाहकार जितबहादुर लावतीले १२ औं राष्ट्रिय महाधिवेशनमा सहयोग पुरयाँउने भद्रपुर निवासी राजकुमार राईलाई सम्मान गरे ।

यस्तै, किरात याक्थुङ् चुम्लुङ् र चलचित्र क्षेत्रमा काम गसरआएका कलाकार केर्खा निवासी महेन्द्रकुमार लिम्बू (हिमाल लेछर्वो), चलचित्र, म्युजिक भिडियो निर्माता, निर्देशक कमल–३ निवासी चन्द्र फुरूम्वो, नेपाली चलचित्र सेमीफुंगा निर्माता, नायक कमल–५ निवासी बविन आङ्देम्बे, पाःलाम् गायिका, मोडल दमक–१ निवासी दुर्गाकुमारी तुम्सा लिम्बू, पाःलाम अभियन्ता दमक–५ निवासी दासमाया लिङ्दम लिम्बू, याक्थुङ् यालाःङ् दमक समूह र विर्तामोड समूह, बुद्धशान्ति वडा नं. २ कियाचु केः लाङ् समूह र कियाचु लिम्बू सांकृतिक परिषद् दमकलाई समेत सम्मान गरिएको थियो ।

कार्यक्रममा संघीय सदस्य धर्म लक्सम्बा ,संघीय सल्लाहकार जितवहादुर लावती ,सम्मानित व्यक्तित्व हिमाल लेछर्वो, कियाचुका पूर्व केन्द्रीय सदस्य पूर्ण हाङ्सुङ, कियाचु लिम्बुवान प्रदेश उपाध्यक्ष कविन्द्र सेर्मा, मुख्य सचिव दिलकुमार लावती, कियाचु झापाका निवर्तमान अध्यक्ष एवम् वर्तमान सल्लाहकार भक्त खेवाङ्, कियाचु बुद्धशान्ति गाउँ शाखा अध्यक्ष फौदराज सेर्मा सल्लाहकार रिमानधोज लोक्ताम, सल्लाहकार एवम् विर्तामोड वडा नं. १ का जननिर्वाचित वडा सदस्य योगचन्द्र आङबुहाङ् सल्लाहकार लक्ष्मी तावा लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

***कर्मचारी...***कटौती गर्ने षडयन्त्र तत्काल नरोकिए थप सशक्त आन्दोलनका कार्यक्रम अगाडि बढाउने चेतावनी दिएका छन् ।

यसअघि पनि प्रदेश लोकसेवा आयोगले इन्जिनियरिङ सेवाको बढुवामा 'प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १३६ मिच्दा उच्च अदालत विराटनगरले उक्त निर्णयलाई 'उत्प्रेषणको आदेश' मार्फत बदर गर्दै परमादेश जारी गरेको थियो । सो आदेशको पूर्ण पालना गर्नुको साटो लोकसेवा आयोग सर्वोच्च अदालत जानुका साथै विवादित अभ्यासलाई निरन्तरता दिएको आरोप कर्मचारीको छ ।

यता, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव तथा प्रवक्ता रामकृष्ण अधिकारीले भने प्रशासनिक संरचनालाई छरितो, चुस्त र कार्यबोझ अनुसार प्रभावकारी बनाउन सबै निकायको पुनरावलोकन गर्ने क्रममा नै ओएनएम प्रक्रिया अगाडि बढाइएको दाबी गरेका छन् । उनले अहिले कुनै पनि निकायको संरचना परिवर्तनसम्बन्धी अन्तिम निर्णय नभइसकेको र विषयगत मन्त्रालयहरूको आवश्यकताका आधारमा मात्र सहजीकरण भइरहेको स्पष्ट पारेका छन् ।

***कृष्णगोपाल...***आफू नेतृत्वबाट हट्नुपर्ने आधारका रूपमा स्वीकार गरेका छैनन् । उनले संकटका बेला नेतृत्वले पार्टी छाडेर भाग्न नमिल्ने तर्क गर्दै नेतृत्व परिवर्तनको मागलाई अस्वीकार गरेका छन् ।

**कृष्णगोपालसँग भनाभन**

ओलीले प्रतिवेदनमा आत्मसमीक्षा र पार्टी पुनर्निर्माणको आवश्यकता औंल्याए पनि बैठक सञ्चालनका क्रममा भने उनको शैलीप्रति केही नेताले असन्तुष्टि जनाएका छन् । बैठकमा पूर्वमन्त्री तथा एमाले केन्द्रीय सदस्य कृष्णगोपाल श्रेष्ठले महासचिव शंकर पोखरेललाई बैठक सञ्चालन गर्न दिनुपर्ने भन्दै प्रश्न उठाएका थिए । श्रेष्ठले प्रतिवेदन प्रस्तुत गर्न पनि महासचिवलाई भूमिका दिन आग्रह गरेका थिए । तर ओलीले विधानअनुसार आफूले बैठक सञ्चालन गर्ने बताएपछि श्रेष्ठसँग उनको भनाभन भएको हो ।

**कर्ण थापाको दस्तावेज राख्न रोक**

बैठकमा केन्द्रीय सदस्य कर्णबहादुर थापाले पनि आ ̂नो फरक मतसहितको दस्तावेज राख्न खोजेका थिए। उनले ४० पृष्ठको दस्तावेज प्रस्तुत गर्न अनुमति मागेकोमा ओलीले तत्काल अनुमति नदिएको विवरण सार्वजनिक भएको छ । थापा एमालेमा ७० वर्ष उमेर हद र नेतृत्वमा दुई कार्यकालको व्यवस्था कायम गर्नुपर्ने पक्षमा लामो समयदेखि आवाज उठाउँदै आएका नेता हुन्। पछिल्लो समय उनी ओली इतर समूह सक्रिय देखिएका छन् ।

गत फागुन २१ गतेको निर्वाचनमा एमालेले करिब धुलिसात भयो । अब यो पार्टीको नेतृत्वले खरानीमा टेकेर उठ्नुको विकल्प छैन । तर २०८२ भदौ २४ गते जेन(जी आन्दोलनका कारण सत्ताबाट धकेलिएका ओलीको छवि सबैभन्दा आलोचित छ ।

***खाँदबारी...*** सडक चौडा गर्न यातायात सञ्चालनमा रोक लगाइएको सडक डिभिजन कार्यालयका निमित्त प्रमुख मण्डलले बताए ।

समयमै काम सम्पन्न गर्नको लागि निर्माण कम्पनीको आग्रहमा यातायात बन्द गरिएको सडक डिभिजन कार्यालयले जनाएको छ ।

***बादीपीडित...***पहिचान गरिएका जग्गामा सरकारी तथा सार्वजनिक प्रकृतिका जग्गासँगै निजी, वन, नेपाल विद्युत् प्राधिकरण, सरकारी विद्यालय, सिँचाइ तथा निकुञ्जअन्तर्गतका जग्गासमेत छन् । ठूलो हिस्सा सरकारी र वन क्षेत्रको जग्गा रहेको समितिको अध्ययनले देखाएको छ ।

समितिले पुनःस्थापनाका लागि सुरक्षित स्थानलाई पहिलो प्राथमिकता दिनुपर्ने सुझाव दिएको छ । प्रभावित परिवारको साविक बस्ती नजिक भए पनि उच्च प्राकृतिक जोखिम रहेको स्थानमा पुनःस्थापना गर्न नहुने प्रतिवेदनमा उल्लेख छ । पहिचान गरिएका क्षेत्रको थप सामाजिक, आर्थिक, प्राविधिक, वातावरणीय तथा सामुदायिक अध्ययन र स्थानीयस्तरमा परामर्श गरेर मात्रै अन्तिम निर्णय लिनुपर्ने समितिको सुझाव छ ।

पुनःस्थापनालाई केवल घर बनाउन जग्गा उपलब्ध गराउने कार्यक्रमका रूपमा अघि नबढाई सडक, खानेपानी, सरसफाइ, विद्युत्, विद्यालय, स्वास्थ्य, सञ्चार र खुला क्षेत्रलगायतका आधारभूत पूर्वाधारसहित एकीकृत बस्ती विकासको योजना बनाउन समितिले सुझाव दिएको छ । २०८३ भदौ १० गते रसुवाको भोटेकोशी नदी क्षेत्रमा आएको बाढीबाट प्रभावित परिवारलाई पुनःस्थापना गर्न आवश्यक जग्गा पहिचान गरी प्रतिवेदन पेस गर्न भदौ २२ गतेको मन्त्रीस्तरीय निर्णयबाट नापी विभागका महानिर्देशक प्रकाश जोशीको संयोजकत्वमा केन्द्रीय समिति गठन गरिएको थियो ।

***भोजपुर...***आवश्यक तालिम दिएर सबै पालिकामा खटाइएको उनले बताए । अभियान सुरू हुनु पूर्व ७६ जना खोपकर्तालाई एक दिने 'खोप अभिलेखीकरण'सम्बन्धी स ̂टवेयर सञ्चालन तालिम प्रदान गरिएको उनले जानकारी दिए । "भोजपुरमा खोरेत रोगविरूद्धको खोप अभियान सञ्चालन हुँदै छ", प्रमुख दाहालले भने, "यो अभियानका लागि हामीलाई ६१ हजार डोज खोप प्राप्त भएको छ । किसानकै गोठमा पुगेर खोप लगाउने व्यवस्था मिलाइएको छ ।"

रोग नियन्त्रणसँगै उत्पादन वृद्धि र पशुपालक किसानलाई आर्थिक लाभ पुर्याउने लक्ष्यका साथ खोप अभियान सञ्चालन गरिएको प्रमुख दाहालले बताए । अभियानले ग्रामीण क्षेत्रका किसानलाई सहज र सुलभ सेवा उपलब्ध हुने कार्यालयको भनाइ छ । कार्यालयका अनुसार, पहिलो चरणको खोप अभियान सम्पन्न भएपछि पुनः दोस्रो चरणको कार्यक्रम सञ्चालन गरिनेछ ।

अधिकांश किसान पशुपालन व्यवसायमा निर्भर भए पनि पशुमा लाग्ने सामान्य रोग तथा उपचारको जानकारी नहुँदा समस्या भोग्दै आएका छन् । पशुमा लाग्ने रोगबारे जनचेतना फैलाउने काम पनि सँगसँगै हुने प्रमुख दाहालले बताए ।

खोप अभियानले कृषकलाई आर्थिक रूपमा सबलसँगै पशुजन्य उत्पादन वृद्धि गर्न र रोग नियन्त्रणमा दीर्घकालीन प्रभाव पार्ने विज्ञ केन्द्रले जनाएको छ ।

पाँच वर्षमा पनि काम सम्पन्न ***पाथीभरा...***नगरिएको हो । पाथीभरा सडकको सुकेटार( काफ्लेपाटी खण्ड १०.९६६ किलोमिटर दुरीको सडक कालोपत्रे गर्नलाई २०७८ सालमा नै ठेक्का लागेको हो । ताप्लेजुङस्थित तमोर कोरिडोर (सुभाङखोला( दोभान(ओलाङचुङ्गोला) सडक योजनाका प्रमुख डिजिभनल इन्जिनियर सिंहबहादुर विष्टका अनुसार कन्टेक प्रालिलाई २०७८ पुस ११ गते कालोपत्रे गर्ने कामको सम्झौता गरी सडक स्तरवृद्धि गर्ने जिम्मा लगाएको हो । सुरूको सम्झौताको समयावधि सकिएपछि दुई पटकसम्म म्याद थप्दासमेत सडक कालोपत्रे गर्ने कामको भौतिक प्रगति हालसम्म करिव ४० प्रतिशत मात्र भएको योजना प्रमुख विष्टको भनाइ छ ।

दोस्रो पटक थप भएको म्याद पनि आगामी मङ्सिर २५ गते सकिने तमोर कोरिडोर सडक योजनाले जनाएको छ । मङ्सिरसम्ममा सडक निर्माणको भौतिक प्रगति ५० प्रतिशतभन्दा बढी भएमा मात्र तेस्रो पटक म्याद थप्न सकिने सडक योजना प्रमुख विष्टले जानकारी दिए ।

हाल ठेक्का तोडिन सक्ने दबाबका बिच निर्माण कम्पनीले काम गरिरहेको र पाथीभरा दर्शनको मुख्य मौसम दसैंतिहारको समयमा सहज यातायात सञ्चालन हुने गरी खाल्डाखुल्डी पुरेर सडक सम्याउने गरी समन्वय भइरहेको विष्टले बताए ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्




अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)
बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०



घर भाडामा
दमक–५ मा अवस्थित ३० फुट पिच सडकमा जोडिएको पार्किङ सहितको घर कुनै पनि अफिस र वित्तीय संस्थाको लागि उपयुक्त घर भाडामा छ ।
सिधा सम्पर्क
९८४२६५०३९५/९८४२६२९०९२

दाँत र मुख सम्बन्धी हरेक समस्याको समाधान
ॐ शान्ति डेन्टल हस्पिटलको वरदान !



आउनुहोस् यहाँ दाँत उखेल्ने, भर्ने, लगाउने,वाङ्गा, टिङ्गा, मिलाउनेदेखि उपचार र मुखको जटिल शल्यक्रिया समेतको अनुभवी डाकटर र आधुनिक मेसिनको सहयताले यहाँ हरेक समस्याको सरल ढंगले समाधान गरिन्छ ।
सेवामा आवद्ध डाक्टरहरु
☞ डा. हेम राज गैरे ☞ डा. सि.पि. गैरे ☞ डा. राहुल गुप्ता
☞ डा. विवेक शिंह ☞ डा. टंक न्यौपाने ☞ डा. स्मारक दाहाल
☞ डा. मोलिका श्रेष्ठ ☞ डा. काश्मी श्रेष्ठ ☞ डा. सायारा ढकाल
☞ डा. अन्जली ठाकुर
ॐ शान्ति डेन्टल हस्पिटल
दमक–५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३–५७५९०६)

◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२,
मुद्रण: ज्योति अफसेट प्रेस,
E-mail:purbasandesh@yahoo.com